# लालीगुराँस नगरपालिका
# LALIGURANS MUNICIPALITY
## नगर कार्यपालिकाको कार्यालय
## OFFICE OF THE MUNICIPAL EXECUTIVE
बसन्तपुर, तेह्रथुम, कोशी प्रदेश, नेपाल (BASANTAPUR, TEHRATHUM, KOSHI PROVINCE, NEPAL)


पत्र संख्याः २०८२/८३

**<u>कर्मचारीहरुको तह वृद्धिका लागि आवेदन पेश गर्नेसम्बन्धी सूचना ।</u>**

(सूचना प्रकाशन मितिः २०८३/०२/२१)

प्रस्तुत विषयमा यस लालीगुराँस नगरकार्यपालिकाको कार्यालय र मातहतका कार्यालयहरुमा स्थानीय सेवामा कार्यरत स्थायी कर्मचारीहरुको तह वृद्धिका लागि कोशी प्रदेशको स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० को दफा ४ को उपदफा (५) र २७ को उपदफा (१) बमोजिम पाँचौ तहबाट छैँठौ तह र सातौँ तहबाट आठौँ तहमा तह वृद्धि हुनका लागि तह वृद्धि हुने पद भन्दा एक तह तल्लो पदमा पाँच वर्ष सेवा अवधि पूरा गरेको, पछिल्लो तीन वर्षको कार्यसम्पादन मूल्याङ्कनमा औसतमा नब्बे प्रतिशत वा सो भन्दा बढी अङ्क प्राप्त गरेको र स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० को दफा ३० बमोजिम अयोग्य नरहेको कर्मचारीहरुले यो सूचना प्रकाशित भएको मितिले ३० दिनभित्र तह वृद्धीको लागि देहायबमोजिमका प्रमाणित कागजात संलग्न राखी यस कार्यालयको प्रशासन तथा योजना शाखामा निवेदन पेश गर्नुहुन सूचित गरिन्छ ।

<u>आवश्यक कागजातहरु</u>

१. पछिल्लो तीन वर्षमा कार्यसम्पादन मूल्याङ्कन फारम बुझाएको कार्यालयको नाम स्पष्ट खुलाई तह वृद्धिको लागि कुनै किसिमले अयोग्य नरहेको स्वघोषणा सहितको सक्कल निवेदन ।
२. शुरु नियुक्ती पत्रको प्रतिलिपि ।
३. कर्मचारीको तह वृद्धी हुने पद भन्दा तल्लो तह वा पदमा नियुक्ती/बढुवा भएको पत्रको प्रतिलिपि ।
४. समायोजन भएका कर्मचारीको हकमा समायोजन भएको पत्रको प्रतिलिपि
५. विभागीय सजाय नपाएको, निलम्बनमा नरहेको र सेवा अवधि पूरा भएको विवरण खुलाई सम्बन्धित कार्यालयले गरेको सिफारिस पत्र ।
६. पेशा सम्बन्धी व्यवसायी परिषद्ले उपलब्ध गराउने प्रमाणपत्रको प्रतिलिपि । (आवश्यक हुनेको हकमा)

२०८३/०२/२१

रविन कार्की
प्रमुख प्रशासकीय अधिकृत